बैठक सञ्चालन कार्यविधि-२०७४

## अनुसूची - १

## बुदा नं १२.२ सँग सम्बन्धित

बैठक संख्याः ८३

मितिः २०७९/१०/१३

अध्यक्षताः श्री ऋषि केशव बुढा मगर

**कार्यपालिकाका पदाधिकारीहरुः**

| | | |
|---|---|---|
| १. | श्री ऋषि केशव बुढा मगर | अध्यक्ष |
| २. | श्री सर्मिला बुढा मगर | उपाध्यक्ष |
| ३. | श्री हेमराज घर्तीमगर | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |
| ४. | श्री हिरा प्रसाद बुढामगर | १ नं वडा अध्यक्ष |
| ५. | श्री अभिलाषा रोका | २ नं वडा अध्यक्ष |
| ६. | श्री जनक बुढा | ३ नं वडा अध्यक्ष |
| ७. | श्री हिक्मत घर्ति मगर | ४ नं वडा अध्यक्ष |
| ८. | श्री गोवर्धन घर्ति | ५ नं वडा अध्यक्ष |
| ९. | श्री सुन कामी | कार्यपालिका सदस्य |
| १०. | श्री रामकली विश्वकर्मा | कार्यपालिका सदस्य |
| ११. | श्री पुन बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य |
| १२. | श्री सुमित्रा सुनार | कार्यपालिका सदस्य |
| १३. | श्री बन्दना वि क | कार्यपालिका सदस्य |
| १४. | श्री जुन कुमारी पुन | कार्यपालिका सदस्य |

**अन्य उपस्थितिः**

| | | |
|---|---|---|
| १. | श्री भिमसेन बुढा मगर | सूचना प्रविधि अधिकृत |
| २. | श्री देवदत्त रिजाल | प्रशासन पाचौँ |
| ३. | श्री चन्द्र प्रकाश ओली | सव इन्जिनियर |
| ४. | श्री आलोक कुमार शाह | कम्प्युटर अपरेटर |
| ५. | श्री सुरोज रोका | कार्यालय सहयोगी |
| ६. | निश्चल रोकामगर | अ.स. |

**प्रस्तावः**

१. गाउँपालिका अध्यक्ष कप सञ्चालन निर्देशिका २०७९ सम्बन्धमा।

२. अध्यक्ष कप २०७९ सम्बन्धमा।

३. मातृ तथा पेरनेटल मृत्यु निगरानी तथा प्रतिकार्य समिति सम्बन्धमा।

४. द्रुत प्रतिकार्य समिति गठन सम्बन्धमा।

५. द्रुत प्रतिकार्य टोली गठन सम्बन्धमा ।
६. सोलार खरिद सम्बन्धमा ।
७. गाउँपालिका अध्यक्ष कप २०७९ को प्रस्तावना सम्बन्धमा ।

**निर्णयः**

प्रस्ताव नं १ माथि छलफल गर्दा गाउँपालिका अध्यक्ष कप सञ्चालन सम्बन्धी निर्देशिका २०७९ पास गर्ने निर्णय गरियो ।

प्रस्ताव नं २ माथि छलफल गर्दा थबाङ गाउँपालिकाको आ.व २०७९।०८० गाउँपालिका अध्यक्ष कप २०७९ गाउँपालिका स्तरीय खुला प्रतिस्पर्धा गराउने निर्णय गरियो । साथै टिम दर्ता शुल्क भलिबल तर्फ रु ५०००/- र व्याडमिन्टन तर्फ रु १०००/- कायम गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ३ माथि छलफल गर्दा मातृ तथा पेरनेटल मृत्यु निगरानी तथा प्रतिकार्य कार्यक्रम संचालन निर्देशिका २०७८ को परिच्छेद ५ दफा १० उपदफा ३ बमोजिम मातृ तथा पेरनेटल मृत्यु निगरानी तथा प्रतिकार्य समिति तपशिल बमोजिमको गठन गर्ने निर्णय गरियो ।

**तपशिल**

| | | |
|---|---|---|
| १. | गाउँपालिका उपाध्यक्ष | अध्यक्ष |
| २. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३. | वडा अध्यक्षहरु | सदस्य |
| ४. | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख | सदस्य |
| ५. | स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| ६. | चिकित्सक | सदस्य |
| ७. | स्थानिय तहमा कार्यरत नर्सिङ स्टाफ | सदस्य सचिव |

प्रस्ताव नं ४ माथि छलफल गर्दा द्रुत प्रतिकार्य टोली तथा आपत्कालीन चिकित्सकीय समूह परिचालन सम्बन्धी निर्देशिका २०७९ को परिच्छेद २ दफा १० उपदफा १ बमोजिम द्रुत प्रतिकर्य समिति तपशिल बमोजिमको गठन गर्ने निर्णय गरियो ।

**तपशिल**

| | | |
|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष | संयोजक |
| २. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३. | जलजला अस्पताल तथा अनुसन्धान केन्द्र प्रमुख | सदस्य |
| ४. | विपद व्यवस्थापन शाखा प्रमुख | सदस्य |
| ५. | स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव |

प्रस्ताव नं ५ माथि छलफल गर्दा द्रुत प्रतिकार्य टोली तथा आपत्कालीन चिकित्सकीय समूह परिचालन सम्बन्धी निर्देशिका २०७९ को परिच्छेद २ दफा ११ उपदफा २ बमोजिम द्रुत प्रतिकर्य टोली तपशिल बमोजिमको गठन गर्ने निर्णय गरियो।

**तपशिल**

| | | |
|---|---|---|
| १. | मेडिकल अधिकृत(रोल्पा अस्पताल) | संयोजक |
| २. | जनस्वास्थ्य अधिकृत | सदस्य |
| ३. | राज कुमार बुढा मगर (सि. अ हे व) | सदस्य |
| ४. | सुनिज खाम मगर (ल्याब असिस्टेन्ट/ल्याव टेक्निसियन) | सदस्य |
| ५. | यमा कुमारी बुढा मगर (अ न मी) | सदस्य |
| ६. | स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव |

प्रस्ताव नं ६ माथि छलफल गर्दा आ.व २०७९।०८० को सशर्त अनुदान अन्तर्गत नवीकरणीय उर्जा प्रविधि जडान (वायोग्यास/विद्युतीय चुलो/सुधारिएको चुलो/सौर्य उर्जा) शिर्षकबाट ३ र ४ नं वडा कार्यालयहरुका लागि सोलार खरिद गर्ने निर्णय गरियो।

प्रस्ताव नं ७ माथि छलफल गर्दा गाउँपालिका अध्यक्ष कप आयोजना सञ्चालन तथा व्यवस्थापन समितिले पेश गरेको गाउँपालिका अध्यक्ष कप २०७९ को प्रस्तावना पास गर्ने निर्णय गरियो।